राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ अंक २१ २०८३ साउन २४ गते आईतवार (9 Aust 2026) पृष्ठ ४ मूल्य रु. ३।-

## सात दलद्वारा 'अग्रगामी मोर्चा' गठन



दैनिक समाचारदाता

काठमाडौं, २३ साउन । मधेश केन्द्रित विभिन्न राजनीतिक दलहरू एकजुट हुँदै संयुक्त राजनीतिक मोर्चा गठन गरेका छन्। जनता समाजवादी पार्टी (जसपा) नेपालसहित सात दलले संयुक्त रूपमा 'अग्रगामी मोर्चा' घोषणा गरेका हुन्।

काठमाडौंको थापागाउँस्थित काठमाडौं ब्यांक्वेटमा आयोजित कार्यक्रममा सातै दलका शीर्ष नेताहरूको उपस्थितिमा मोर्चाको औपचारिक घोषणा गरिएको हो। मधेश तथा उत्पीडित समुदायका मुद्दालाई साझा रूपमा उठाउँदै राजनीतिक सहकार्य गर्ने उद्देश्यले मोर्चा गठन गरिएको नेताहरूले बताएका छन्।

मोर्चामा जनता समाजवादी पार्टी (जसपा) नेपाल, जनमत पार्टी, आम जनता पार्टी, प्रगतिशील लोकतान्त्रिक पार्टी, नागरिक उन्मुक्ति पार्टी नेपाल, नेपाल संघीय समाजवादी पार्टी र बहुजन एकता पार्टी नेपाल सहभागी छन्।

मोर्चामा तत्कालीन नेकपा (माओवादी केन्द्र)का उपमहासचिवसमेत रहेका जनार्दन शर्मा तथा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) छाडेका सन्तोष परियार आबद्ध प्रगतिशील लोकतान्त्रिक पार्टीसमेत सहभागी भएको छ। सात दलबीचको यो सहकार्यलाई मधेश, आदिवासी जनजाति, दलित, थारू, मुस्लिम तथा अन्य सीमान्तकृत समुदायका अधिकार र राजनीतिक प्रतिनिधित्वका विषयलाई साझा एजेन्डाका रूपमा अघि बढाउने प्रयासका रूपमा हेरिएको छ।

मोर्चाले आगामी दिनमा संघीयता, समावेशिता, सामाजिक न्याय, सुशासन तथा राजनीतिक अधिकारका विषयमा संयुक्त रूपमा आवाज उठाउने तयारी गरेको छ।

मधेश केन्द्रित दलहरूबीच विगतमा पटक-पटक एकता र सहकार्यका प्रयास भए पनि आन्तरिक मतभेदका कारण ती प्रयास दीर्घकालीन बन्न सकेका थिएनन्।

यस्तो अवस्थामा सात दलको सहभागितामा गठन भएको 'अग्रगामी मोर्चा'ले आगामी राजनीतिमा कस्तो प्रभाव पार्छ भन्ने विषयलाई चासोका साथ हेरिएको छ।

# 'बालेन्द्र सरकार जनतामाथि ऋण थोपर्ने सरकार'

जनकपुरधाम, २३ साउन । राजनीतिक विश्लेषक, विचारक तथा दलित अधिकारकर्मी एवं वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीका संस्थापक विश्वभक्त दुलाल 'आहुति'ले वर्तमान बालेन्द्र नेतृत्वको सरकार नेपाली जनतामाथि थप ऋणको भार थोपर्ने सरकार भएको टिप्पणी गरेका छन् ।

नेपाल पत्रकार महासंघ धनुषा शाखाको आयोजनामा शनिबार आयोजित 'तराई(मधेशको समस्या र राज्यको उपेक्षा' विषयक एकल प्रस्तुतिमा आहुतिले वर्तमान सरकारप्रति जनताको विश्वास गर्ने आधार कमजोर हुँदै गएको बताए। सरकारका निर्णय र गतिविधिमा अध्ययन, छलफल, दीर्घकालीन दृष्टिकोण तथा परिणामको पूर्वानुमान गर्ने क्षमता नदेखिएको उनको आरोप थियो ।

सरकारले कहिले भारतले नेपाली भूमि मिचेको विषय उठाउने र कहिले सामाजिक सञ्जालमा कर लगाउने निर्णय गर्ने तथा त्यसलाई फेरि हटाउनेजस्ता गतिविधि गरेको भन्दै उनले सरकारको कार्यशैलीलाई 'जोकरगिरी'को संज्ञा दिए।

आहुतिका अनुसार विगतका सरकारहरूजस्तै वर्तमान सरकार पनि दलाल पुँजीपति वर्गकै अर्को हिस्साको प्रतिनिधित्व गर्ने सरकार हो। उनले भने, "हाम्रो विश्लेषणमा यो सरकार




दलाल पुँजीपतिको अर्को हिस्साको सरकार हो, त्योबाहेक केही होइन।"

उनले बढ्दो महँगीप्रति पनि सरकार गम्भीर नदेखिएको बताए। तेलको मूल्य निरन्तर बढ्दै जाने हो भने त्यसको प्रत्यक्ष असर आम नागरिकको जीवनमा पर्ने र मुलुकमा भोकमरीको अवस्था निम्तिन सक्ने उनको चेतावनी थियो। जनताको राहतका लागि इन्धन, विद्यालयको शुल्क तथा विद्युत् महसुल घटाउने र किसानलाई सहज रूपमा मलखाद उपलब्ध गराउनेजस्ता आधारभूत कामसमेत सरकारले गर्न नसकेको उनको भनाइ थियो। सरकारको बौद्धिक क्षमता, योजना र कार्यदिशामा गतिशीलता नदेखिएको टिप्पणी गर्दै उनले सरकारसँग स्पष्ट कार्यक्रमसमेत नभएको आरोप लगाए।

आहुतिले राज्यले लिएको ऋणको भार पनि चिन्ताजनक रूपमा बढिरहेको दाबी गरे। उनका अनुसार विगतको सरकारले प्रतिव्यक्ति करिब ९२ हजार रुपैयाँ ऋणको भार बोकाएकोमा वर्तमान सरकार बनेपछि उक्त भार बढेर करिब एक लाख रुपैयाँ पुगेको छ। आगामी केही महिनामा यो भार अझ बढेर प्रतिव्यक्ति डेढ लाख रुपैयाँसम्म पुग्न सक्ने उनको दाबी थियो। उनले वर्तमान शासन प्रणालीलाई विदेशबाट ऋण लिने र त्यसलाई विभिन्न माध्यमबाट बाँडेर उपभोग गर्ने प्रवृत्तिसँग जोड्दै "विदेशीसँग ऋण लिने र बाँडेर खाने सरकार" भएको आरोप लगाए।

***मधेश विकासका पाँच प्रमुख बाधक***

आहुतिले तराई(मधेशको विकासमा पाँचवटा प्रमुख संरचनागत समस्या बाधक रहेको बताए। उनका अनुसार भूमि वितरणको समस्या, पितृसत्ता र जात व्यवस्था, तराई(मधेशका रैथाने भाषामाथिको दमन, वन(जंगल विनाश तथा चुरे दोहन मधेश विकासका प्रमुख अवरोध हुन्।

उनको विश्लेषणमा मधेशका समस्या केवल विकास बजेट वा पूर्वाधार निर्माणसँग मात्र सम्बन्धित छैनन्। भूमि, सामाजिक संरचना, भाषा(संस्कृति र प्राकृतिक स्रोतको संरक्षणसँग जोडिएका दीर्घकालीन प्रश्न समाधान नगरेसम्म मधेशको समग्र विकास सम्भव नहुने देखिन्छ। संघका धनुषा अध्यक्ष पुरण साहको अध्यक्षतामा भएको कार्यक्रममा आहुतिको प्रस्तुतिले वर्तमान सरकारको कार्यशैलीमाथि प्रश्न उठाउनुका साथै मधेशको विकासलाई आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय दृष्टिले पुनःपरिभाषित गर्नुपर्ने बहसलाई पनि अगाडि सारेको छ ।

## बालेनको स्टाटसमा सांसद झाको प्रतिक्रिया

दैनिक समाचारदाता

काठमाडौं, २३ साउन । प्रधानमन्त्री वालेन्द्र शाह (बालेन)ले 'कहिलेकाहीँ एक्लै लड्नुपर्छ' भन्दै भावुक स्टाटस लेखेपछि सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद मनिष झाले प्रतिक्रिया दिएका छन्।

झाले सामाजिक सञ्जालमार्फत प्रधानमन्त्री शाहलाई महान् जनादेश प्राप्त सरकारमा कोही पनि एक्लो नभएको बताएका छन्। सरकारको नियतमाथि आफूलाई शंका नरहेको उल्लेख गर्दै उनले सुधार गर्नुपर्ने केही पक्ष रहेको बताएका छन्।

जननिर्वाचित सरकार जनताको साथमा हुनुपर्ने बताउँदै झाले सरकारलाई साथ दिँदै आवश्यक विषयमा सचेत गराउने काम आफूले निरन्तर गर्ने बताएका छन्।



## पाँच जिल्लामा २ हजारभन्दा बढी फर्मलाई कारवाही

**वीरेन्द्र कर्ण**

जनकपुरधाम, २३ साउन । गुणस्तर तथा नापतौल कार्यालय धनुषाले आर्थिक वर्ष २०८२/०८३ मा २ हजार ३५३ फर्मलाई कारवाही गरी २२ लाख १६ हजार ११० रुपैया जरिवाना गरेको छ ।

प्राप्त समाचार अनुसार सो कार्यालयको क्षेत्राधिकार भित्र पर्ने धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली र रामेछाप जिल्लामा अनुगमन गर्दा अधिकांश फर्मले अनुमति नलिई ढकतराजु प्रयोग गर्ने, जाँच नगराउने जस्ता कार्य गर्ने गरेकोले ती व्यापारी फर्मलाई कारवाही गरी जरिवाना गरिएको प्रमुख सुनिल कुमार यादवले बताउनुभयो ।


सो कार्यालयले आर्थिक वर्ष २०८१/०८२ मा एकवर्षभित्र २ हजार ४३ फर्मलाई कारवाही गरी २२ लाख ६०हजार ४ सय रुपैया जरिवाना गरेको थियो । कार्यालयले २८०० व्यपारीहरुको नापतौल तथा नाप्ने तोल्ने यन्त्र जाँच गरिएको थियो भने १ हजार २७८ नयाँ फर्मलाई अनुमति दिएको छ ।

गत विगत वर्षमा ३५(४० लाख मात्र राजस्व उठाउने सो कार्यालयले आर्थिक वर्ष


*बाँकी ४ पृष्ठमा*

अब अनलाइनबाट बुकिङ्को सुविधा

divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्मिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर

जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,

Phone :9861147201

नैना होस्पिटल प्रा.लि.

जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,

Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# छात्रवृत्तिमा शुल्कको मनपरी बन्द गर

शिक्षा सबै नागरिकको मौलिक अधिकार हो। आर्थिक अवस्था कमजोर भएका तथा जेहेन्दार विद्यार्थीलाई शिक्षाको पहुँचमा ल्याउने उद्देश्यले प्रदान गरिने छात्रवृत्ति यही अधिकारलाई व्यवहारमा सुनिश्चित गर्ने महत्वपूर्ण माध्यम हो। तर छात्रवृत्ति पाएका विद्यार्थीबाटै विभिन्न बहानामा अतिरिक्त शुल्क असुल्ने प्रवृत्ति देखिनु शिक्षा क्षेत्रमा रहेको विकृत पक्ष हो। यस्तो प्रवृत्तिले छात्रवृत्तिको मूल उद्देश्यलाई नै कमजोर बनाउँछ।

जनकपुरधाम उपमहानगरपालिकाको शिक्षा समितिले संस्थागत विद्यालयमा छात्रवृत्तिमा अध्ययनरत विद्यार्थीबाट तोकिएको सीमाभन्दा बढी शुल्क नलिन निर्देशन दिनु सकारात्मक र आवश्यक कदम हो। समितिले कक्षा १ देखि ५ सम्म ७ हजार, कक्षा ६ देखि ८ सम्म ९ हजार र कक्षा ९ देखि १० सम्म १० हजार रुपैयाँसम्म मात्र शुल्क लिन पाउने सीमा निर्धारण गरेको छ। यसअघि बढी शुल्क लिइसकेका विद्यालयलाई अतिरिक्त रकम सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न दिएको निर्देशन अझ महत्वपूर्ण छ।

छात्रवृत्ति भनेको विद्यालयले विद्यार्थीमाथि गरेको उपकार होइन, राज्यले सुनिश्चित गरेको शैक्षिक अधिकार कार्यान्वयन गर्ने एउटा माध्यम हो। त्यसैले छात्रवृत्तिको नाममा विद्यार्थी र अभिभावकमाथि थप आर्थिक भार सिर्जना गर्नु कुनै पनि दृष्टिले उचित हुन सक्दैन। शुल्क, परीक्षा, प्रयोगशाला, अतिरिक्त क्रियाकलाप, पोसाक वा अन्य शीर्षक देखाएर निर्धारित सीमाभन्दा बढी रकम असुल्ने प्रवृत्तिले विपन्न परिवारका विद्यार्थीलाई शिक्षाबाटै विमुख बनाउन सक्छ।

विशेषगरी निजी तथा संस्थागत विद्यालयको शिक्षा महँगो हुँदै गएको अवस्थामा छात्रवृत्ति पाएका विद्यार्थीलाई समेत अतिरिक्त शुल्कको बोझ बोकाउनु सामाजिक न्यायको सिद्धान्तविपरीत हो। छात्रवृत्तिको वास्तविक लाभ त्यतिबेला मात्र लक्षित वर्गसम्म पुग्छ, जब विद्यालयले पारदर्शी रूपमा छात्रवृत्ति प्रदान गर्छ र त्यसको नाममा लुकेर अतिरिक्त शुल्क असुल गर्दैन।

उपमहानगरपालिकाको निर्णय कार्यान्वयन गराउनु अब मुख्य चुनौती हो। विगतमा पनि विभिन्न स्थानीय तहले शुल्क निर्धारण तथा छात्रवृत्ति वितरणसम्बन्धी निर्णय गर्दै आएका छन्। तर प्रभावकारी अनुगमन र कारबाहीको अभावमा कतिपय निर्णय कागजमै सीमित हुने गरेका छन्। त्यसैले जनकपुरधाम उपमहानगरपालिकाले विद्यालयहरूको नियमित अनुगमन, शुल्क विवरण सार्वजनिक गर्ने व्यवस्था, अभिभावकका गुनासा सुन्ने प्रभावकारी संयन्त्र र दोषी विद्यालयमाथि निष्पक्ष कारबाहीको व्यवस्था गर्नुपर्छ।

विद्यालयहरू पनि यस विषयमा जिम्मेवार बन्न आवश्यक छ। शिक्षालाई केवल व्यापारिक दृष्टिले हेर्ने प्रवृत्तिले शिक्षाको सामाजिक दायित्व कमजोर बनाउँछ। संस्थागत विद्यालय सञ्चालन गर्दा आर्थिक अनुशासनसँगै सामाजिक उत्तरदायित्व पनि निर्वाह गर्नुपर्छ। छात्रवृत्तिमा अध्ययनरत विद्यार्थीलाई अन्य विद्यार्थीसरह शैक्षिक वातावरण उपलब्ध गराउनु र उनीहरूमाथि कुनै किसिमको विभेद नगर्नु विद्यालयको दायित्व हो।

अर्कोतर्फ, अभिभावकले पनि आफूबाट असुलिएको शुल्कबारे जानकारी राख्न र तोकिएको सीमाभन्दा बढी शुल्क लिइए सम्बन्धित निकायमा उजुरी गर्न सक्नुपर्छ। यसका लागि स्थानीय सरकारले शुल्क संरचना र छात्रवृत्तिसम्बन्धी व्यवस्था सबै अभिभावकको पहुँचमा पुग्ने गरी सार्वजनिक गर्नुपर्छ।

शिक्षाको अवसर आर्थिक क्षमताका आधारमा निर्धारण हुने अवस्था अन्त्य गर्न छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी बनाउनैपर्छ। त्यसका लागि छात्रवृत्ति पाउने विद्यार्थीको संख्या बढाउनु मात्र पर्याप्त हुँदैन; उनीहरूले कुनै अतिरिक्त आर्थिक बोझबिना गुणस्तरीय शिक्षा पाउने वातावरण पनि सुनिश्चित गर्नुपर्छ।

जनकपुरधाम उपमहानगरपालिकाको पछिल्लो निर्णय त्यस दिशामा एउटा सकारात्मक सुरुआत हो। अब यसको प्रभावकारी कार्यान्वयन र निरन्तर अनुगमन आवश्यक छ। छात्रवृत्तिको नाममा हुने शुल्कको मनपरी रोकिए मात्र कमजोर आर्थिक अवस्था भएका विद्यार्थीका लागि छात्रवृत्ति वास्तवमै अवसरमा परिणत हुनेछ। शिक्षामा समानता र सामाजिक न्याय स्थापित गर्ने हो भने छात्रवृत्तिलाई कागजी सुविधा होइन, विद्यार्थीको वास्तविक अधिकारका रूपमा कार्यान्वयन गर्नुपर्छ।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

# झ्याप्प-झ्याप्प बत्ती गयो; अब यसो गरौं



माधवप्रसाद पौडेल

विद्युत् उत्पादन एउटा ठाउँमा हुन्छ उपभोग अर्को ठाउँमा, त्यसैले प्रसारण प्रणाली चाहिन्छ। प्रसारणले उत्पादन र उपभोग बीचको दूरी जोड्ने हो भने वितरण प्रणाली किन चाहियो ?

उत्तर सरल छ- उच्च भोल्टेजमा आएको विद्युत्लाई उपभोक्ताले सुरक्षित रूपमा प्रयोग गर्न मिल्ने भोल्टेजमा रूपान्तरण गरी घर-घर, उद्योग-व्यवसाय र सार्वजनिक स्थलसम्म पुऱ्याउने जिम्मेवारी वितरण प्रणालीको हो।

अर्थात्, उत्पादनले आशा जगाउँछ, प्रसारणले दूरी छोट्याउँछ, तर नागरिकलाई वास्तविक लाभ दिलाउने अन्तिम र सबैभन्दा महत्त्वपूर्ण कडी भने वितरण प्रणाली नै हो।

नेपालमा विद्युत् वितरणको जिम्मेवारी मूलतः नेपाल विद्युत् प्राधिकरणले वहन गर्दै आएको छ। केही सीमित क्षेत्रमा बुटवल पावर कम्पनी तथा केही ग्रामीण क्षेत्रमा सामुदायिक संस्थाहरू सक्रिय भए पनि समग्र वितरण प्रणालीमा प्राधिकरणकै प्रमुख भूमिका छ।

यहाँ विशेष गरी ३३ किलोभोल्ट, ११ किलोभोल्ट र ०.४/०.२३१ किलोभोल्ट तहमा विभाजन गरी वितरण गरिन्छ। वर्गीकरण फरक हुन सक्छ, तर उपभोक्ताले खोज्ने कुरा एउटै हो- भरपर्दो, गुणस्तरीय र निरन्तर विद्युत् आपूर्ति।

लोडसेडिङ अन्त्य भएको करिब एक दशक पुग्न लाग्दा नेपालले विद्युत् क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गरेको छ। विद्युत् उत्पादनमा आत्मनिर्भरतातर्फ उन्मुख हुँदै अन्तरदेशीय विद्युत् व्यापारमा प्रशंसनीय उपलब्धि प्राप्त भएको छ। निर्यातको समाचार राष्ट्रिय गौरवका विषय बनेका छन्। तर, यतिबेला नागरिकको दैनिकीमा अर्को प्रश्न झन् बलियो बनेर उभिएको छ- बिजुली उत्पादन धेरै भयो, तर झ्याप्प-झ्याप्प बत्ती किन जान्छ ?

आज गाउँदेखि शहरसम्म सुनिने साझा गुनासो यही हो। सामाजिक सञ्जालदेखि चियापसलसम्म, उद्योगदेखि अस्पतालसम्म, सबैले एउटै प्रश्न सोधिरहेका छन्। विडम्बना के छ भने यो प्रश्न उत्पादनसँग होइन, वितरणसँग सम्बन्धित छ। तर, सार्वजनिक बहस भने अझै पनि अधिकांश समय उत्पादनमै केन्द्रित छ। उत्पादनका मेगावाट गन्ने बानी परिसकेको राज्य संयन्त्रले वितरण प्रणालीका कमजोरी हल गर्न सकेको देखिंदैन।

### *संरचना बढ्यो, सेवा किन अपेक्षित रूपमा सुधारिएन ?*

नेपाल विद्युत् प्राधिकरणको पछिल्लो तथ्याङ्क अनुसार करिब ६० लाख ग्राहक विद्युत् सेवामा आबद्ध छन्। तीमध्ये करिब ९१ प्रतिशत घरायसी उपभोक्ता हुन् भने बाँकी औद्योगिक, व्यापारिक तथा अन्य श्रेणीका छन्। राष्ट्रिय वितरण प्रणालीको पहुँच करिब ९८ प्रतिशत भूभाग र ९९ प्रतिशत जनसङ्ख्यासम्म पुगेको छ। ३३ किलोभोल्टका करिब ८ हजार सर्किट किलोमिटर, ११ किलोभोल्टका करिब ५३ हजार सर्किट किलोमिटर तथा लाखौं किलोमिटर तल्लो भोल्टेज लाइन विस्तार भइसकेका छन्। झन्डै ४९ हजार सङ्ख्यामा वितरण ट्रान्सफर्मर सञ्चालनमा छन्।

यी तथ्याङ्क सुन्दा लाग्छ- नेपालको वितरण प्रणाली अब विश्वस्तरको हुनुपर्ने हो। तर, व्यवहारमा उपभोक्ताको अनुभव फरक छ। विस्तार र सेवाको गुणस्तर बीचको दूरी अझै पनि निकै ठूलो छ। कतिपय स्थानमा सामान्य हावाहुरी वा पानी पर्दा विद्युत् अवरुद्ध हुन्छ। कतै ट्रान्सफर्मर ओभरलोड हुन्छन् त कतै पुराना लाइनले थप लोड धान्न सक्दैनन्। कतिपय अवस्थामा एउटा सानो प्राविधिक समस्या समाधान गर्न घण्टौं लाग्छ।

### *मापन शुरु भयो, वास्तविकता पनि देखिन थाल्यो*

नेपाल विद्युत् प्राधिकरणले पछिल्लो समय पहिलो पटक वितरण प्रणालीको विश्वसनीयता मापन शुरु गरेको छ। यो आफैंमा सकारात्मक परिवर्तन हो। विद्युत् प्रणालीको औसत अवरोध आवृत्ति सूचकाङ्क र विद्युत् प्रणालीको औसत अवरोध अवधि सूचकाङ्क जस्ता अन्तर्राष्ट्रिय सूचकाङ्क प्रयोग गरी प्रणालीको वास्तविक अवस्था मापन गर्न थालिएको छ। कुनै पनि प्रणाली सुधारको पहिलो आधार त्यसको वस्तुगत मापन नै हो। यस अर्थमा यो कदम प्रशंसनीय छ।

तर, अर्को पाटो पनि छ। जब मापन शुरु भयो, त्यही सूचकाङ्कहरूले हाम्रो वितरण प्रणालीको वास्तविक अवस्था पनि उजागर गरिदिए। अर्थात्, समस्या नयाँ होइन; हामीले त्यसलाई मापन गर्न मात्रै ढिलो गरेका रहेछौं।

### *नीतिगत प्राथमिकतामा वितरण किन पछाडि पऱ्यो ?*

सरकारको बजेट भाषण हेर्दा अर्को रोचक दृश्य देखिन्छ। प्रसारण लाइन र सबस्टेसन निर्माणका लागि अर्बौं रुपैयाँ विनियोजन भएको समाचार हरेक वर्ष प्राथमिकताका साथ सार्वजनिक हुन्छ। ऊर्जा क्षेत्रमा ठूलो लगानीको चर्चा पनि त्यहीं केन्द्रित हुन्छ। तर वितरण प्रणालीका लागि छुट्याइएको लगानी भने प्रायः फुटनोटमा सीमित हुन्छ, कहिलेकाहीं त त्यति पनि हुँदैन।

अब प्रश्न उठ्छ- यो केवल संयोग हो कि नीति निर्माणको प्रवृत्ति ? राज्यले उत्पादनलाई भविष्यको सपना बनायो, प्रसारणलाई राष्ट्रिय गौरवको आयोजना बनायो, तर वितरणलाई दैनिक प्रशासनिक काम ठानेर छायाँमा राख्यो। परिणामस्वरूप, विद्युत् उत्पादन बढ्दै गयो, प्रसारण विस्तार हुँदै गयो, तर नागरिकले महसुस गर्ने सेवा अपेक्षित रूपमा सुधारिएन।

यो अवस्था त्यस्तै हो जस्तै कुनै मन्त्रालयले भव्य भवन त बनायो, आधुनिक फर्निचर पनि किन्यो, तर ढोका नै जडान गर्न बिर्सियो। भवनको भव्यताले सेवा दिंदैन; सेवा त ढोकाबाट प्रवेश गरेपछि मात्र अनुभूत हुन्छ। विद्युत् क्षेत्रमा त्यो ढोका भनेको वितरण प्रणाली नै हो।

सरकारले अब एउटा आधारभूत सत्य स्वीकार्नुपर्ने बेला आएको छ- विद्युत् उत्पादनले मात्र अर्थतन्त्र चलाउँदैन, गुणस्तरीय वितरण पनि चाहिन्छ।

नेपालको वितरण प्रणाली किन आजको अवस्थामा आइपुग्यो भन्ने प्रश्नको उत्तर खोज्न इतिहासतर्फ फर्किनैपर्छ। कुनै पनि प्रणाली त्यसै कमजोर हुँदैन; दशकौंसम्म लिइएका प्राथमिकता र उपेक्षाको परिणाम नै आजको अवस्था हो।

वि.सं. २०४० को दशकसम्म विद्युत् वितरण मुख्यतः शहरी केन्द्रमा सीमित थियो। जहाँ विद्युत् बिक्री बढी, राजस्व बढी र लगानी छिटो उठ्ने सम्भावना थियो, त्यहीं वितरण संरचना विस्तार गरियो। त्यस समयको आर्थिक दृष्टिले त्यो निर्णय अस्वाभाविक थिएन। तर, त्यसैबेला निर्माण भएका धेरै संरचना आज पनि 'जसोतसो' सञ्चालनमा छन्। आयु सकिन लागेका पोल, क्षमता नपुग्ने कन्डक्टर, ओभरलोड ट्रान्सफर्मर र पुराना सुरक्षा प्रणालीले अहिलेको लोड धान्ने प्रयास गरिरहेका छन्।

वि.सं. २०५० को दशकपछि विद्युत्लाई क्रमशः आधारभूत सेवाका रूपमा हेरिन थालियो। त्यसपछि दुर्गम गाउँसम्म विद्युत् विस्तार गर्ने राष्ट्रिय अभियान शुरु भयो। नेपाल विद्युत् प्राधिकरण नपुगेका ठाउँमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र मार्फत लघु जलविद्युत्, सौर्य प्रणाली र मिनी ग्रिड सञ्चालन गरिए। त्यसबेलाको मूल उद्देश्य स्पष्ट थियो- पहुँच।

वि.सं. २०७३/७४ पछि लोडसेडिङ अन्त्य भयो। त्यसपछि 'उज्यालो नेपाल' अभियान शुरु भयो। विद्युत् विस्तारलाई राष्ट्रिय अभियान बनाइयो। परिणामस्वरूप आज गोसाइँकुण्डदेखि जुम्ला, गौरीशङ्करदेखि तराईका गाउँसम्म राष्ट्रिय वितरण प्रणाली पुगेको छ। यो उपलब्धिलाई कसैले पनि नकार्न मिल्दैन। तर एउटा प्रश्न भने सोध्नैपर्छ- हामीले विद्युत् पुऱ्यायौं, तर कस्तो विद्युत् पुऱ्यायौं ?

नीतिनिर्माताको ध्यान पहुँचमा केन्द्रित भयो, गुणस्तरमा होइन। किनभने पहुँच देखिन्छ, गुणस्तर मापन गर्नुपर्छ। उद्घाटन पहुँचको हुन्छ; विश्वसनीयताको हुँदैन। चुनावी भाषणमा 'यति घरमा बत्ती पुग्यो' भन्ने वाक्य लोकप्रिय हुन्छ, 'औसत अवरोध १० प्रतिशत घट्यो' भन्ने वाक्यले ताली पाउँदैन। शायद यही कारणले गुणस्तर सधैं दोस्रो प्राथमिकतामा पऱ्यो।

वितरण प्रणालीलाई वर्षौंसम्म 'बाँकी बचेको बजेट' ले चलाउने प्रयास गरियो। उत्पादनमा ऋण जुटाइयो, प्रसारणमा विकास साझेदार आए, तर वितरण प्रणालीले धेरैजसो अवस्थामा 'हेरौंला' भन्ने उत्तर मात्रै पायो।

### *सकारात्मक परिवर्तनका सङ्केत*

यद्यपि, पछिल्ला केही वर्षमा सकारात्मक परिवर्तन पनि भएका छन्। काठमाडौं, पोखरा र भरतपुरमा भूमिगत वितरण प्रणाली निर्माण अन्तिम चरणमा पुगेको छ। काठमाडौंका नयाँ सडक र भरतपुरका केही क्षेत्रमा यो सञ्चालनमा समेत आइसकेको छ। यी आयोजना केवल तार भूमिगत गर्ने परियोजना होइनन्; यी वितरण प्रणालीलाई आधुनिक बनाउने आधारशिला हुन्।

स्यूचाटारमा निर्माण भएको आधुनिक वितरण नियन्त्रण केन्द्र, वितरण स्वचालन प्रणाली, एससीएडीए, जीआईएस आधारित निगरानी, स्मार्ट मिटर, अनलाइन बिलिङ, मोबाइल एप, एसएमएस सूचना सेवा, ११५०/११५१ हटलाइन, लाइभ लाइन मेन्टेनेन्स भेहिकल, सबस्टेसन स्वचालन प्रणाली- यी सबै परिवर्तनका सङ्केत हुन्। मोरङको लेटाङमा मानवविहीन स्वचालित सबस्टेसन सञ्चालनमा आउनु पनि एउटा ऐतिहासिक उपलब्धि हो।

यसले देखाउँछ- केही भएको छैन भन्ने भाष्य पनि तथ्यसँग मेल खाँदैन। तर अर्को सत्य पनि उत्तिकै महत्त्वपूर्ण छ। यी प्रविधि अहिले पनि देशको अधिकांश वितरण प्रणालीमा पुगेका छैनन्। काठमाडौंको एउटा स्वचालित नियन्त्रण केन्द्रले हुम्ला, बझाङ, रुकुम वा मधेशका सबै समस्याको समाधान गर्दैन। केही नमूना परियोजनालाई आधार बनाएर सम्पूर्ण वितरण प्रणाली आधुनिक भयो भन्नु त्यत्तिकै हतारो हुनेछ।

यसैबीच विद्युत् नियमन आयोगले २०८० सालमा 'विद्युत् सेवा प्रदायकको कार्यसम्पादन अनुगमन पुस्तक' जारी गऱ्यो। यसले पहिलो पटक सेवाको गुणस्तर, मुख्य कार्यसम्पादन क्षेत्र, मुख्य कार्यसम्पादन सूचक, साइफी, साइडी लगायतका सूचकाङ्कलाई संस्थागत रूपमा समेट्यो। सेवा कति समयमा दिनुपर्ने, शहरी र ग्रामीण क्षेत्रमा मर्मतको समय कति हुने, प्रतिवेदन कसरी गर्ने भन्ने व्यवस्था पनि गरियो। तर एउटा प्रश्न फेरि उठ्छ- यदि मापदण्ड पूरा भएन भने के हुन्छ ?

त्यसको स्पष्ट उत्तर दस्तावेजमा छैन। लक्ष्य छ, तर जवाफदेहिता अस्पष्ट छ; सूचकाङ्क छ, तर परिणाम छैन। यस्तो लाग्छ, हामीले परीक्षा त लियौं, तर नतिजा असफल भए पनि सबैलाई उत्तीर्ण घोषणा गरिदियौं।

शायद यसको कारण स्रोतको अभाव पनि होला। तर कानून बनाउँदा स्रोतको अभावभन्दा पनि उत्तरदायित्व स्पष्ट हुनुपर्छ। अन्यथा मापदण्ड केवल पुस्तकका पानामा सीमित हुन्छन्, प्रणालीमा होइन।

अब नेपालको विद्युत् क्षेत्रको मूल प्रश्न 'कति मेगावाट उत्पादन भयो ?' होइन। मूल प्रश्न हो- 'उत्पादित विद्युत् कति भरपर्दो रूपमा उपभोक्तासम्म पुग्यो ?' यही प्रश्नको उत्तरले आगामी दशकको ऊर्जा नीति निर्धारण गर्नेछ।

आजको नेपाल ढुङ्गे युगको नेपाल होइन। मानिसको जीवनशैली बदलिएको छ। भान्सामा इन्डक्सन चुलो छ, घरमा इन्टरनेट छ, अस्पतालमा डिजिटल उपकरण छन्, उद्योगमा स्वचालित मेसिन छन्, बैङ्किङ सेवा अनलाइन छ, सरकारी सेवा डिजिटल हुँदै गएको छ। विद्युत् अब सुविधा होइन; अर्थतन्त्रको मेरुदण्ड हो। त्यसैले केही मिनेटको विद्युत् अवरोध पनि आज आर्थिक, सामाजिक र मनोवैज्ञानिक रूपमा महँगो पर्न थालेको छ।

उद्योगहरूमा विद्युत् एकछिन अवरुद्ध हुँदा उत्पादन रोकिन्छ। स्टिल उद्योगको भट्टीमा रहेको धातु स्क्र्यापमा परिणत हुन्छ। अस्पतालमा ब्याकअप प्रणालीले केही समय धान्ला, तर त्यो

*बाँकी पृष्ठ ३मा*

## झ्याप्प-झ्याप्प........

स्थायी समाधान होइन। दूरसञ्चार, डाटा सेन्टर, बैङ्किङ र सूचनाप्रविधि क्षेत्रमा विद्युत् अवरोधको मूल्य केवल रुपैयाँमा मापन गर्न सकिँदैन।

यस्तो अवस्थामा पनि यदि वितरण प्रणालीलाई 'बाँकी रहेको बजेट' बाट सञ्चालन गर्ने सोच कायम रह्यो भने हामी उत्पादनमा सम्पन्न तर सेवामा कमजोर देशकै रूपमा रहनेछौं।

*अब पाँच नीतिगत प्राथमिकता*

नेपालको वितरण प्रणालीलाई आगामी दशकको आवश्यकता अनुसार रूपान्तरण गर्न कम्तीमा पाँच क्षेत्रमा विशेष जोड दिन आवश्यक छ। अब वितरण प्रणालीको सुधारलाई आयोजना होइन, राष्ट्रिय पूर्वाधार कार्यक्रमका रूपमा हेर्नुपर्ने बेला आएको छ।

पहिलो आवश्यकता: वितरण प्रणाली सुदृढीकरण हो। पुराना लाइन, क्षमताविहीन ट्रान्सफर्मर, कमजोर फिडर र जर्जर संरचनालाई क्रमशः प्रतिस्थापन गर्नुपर्छ। उत्पादन बढेपछि वितरण आफैं सुधार हुन्छ भन्ने धारणा अब त्याग्नैपर्छ। थप मेगावाट उत्पादन गरिए पनि पुरानो क्षमताको ट्रान्सफर्मरले त्यति नै विद्युत् वितरण गर्छ, जति उसको क्षमता हो। त्यसैले उत्पादन र वितरण बीच सन्तुलित लगानी अपरिहार्य छ।

दोस्रो आवश्यकता: स्वचालन हो। वितरण प्रणालीलाई मानवीय प्रतिक्रियामा होइन, प्रणालीगत बुद्धिमत्तामा आधारित बनाउनुपर्छ। फल्ट डिटेक्सन, अटोमेटिक रिक्लोजर, रिमोट स्विचिङ, एडप्टिभ प्रोटेक्सन र सेल्फ हिलिङ ग्रिड जस्ता प्रविधि अब विलासिता होइनन्, आवश्यकता हुन्। संसारले कृत्रिम बुद्धिमत्तामा आधारित विद्युत् प्रणाली सञ्चालन गरेर चमत्कार गरेका प्रशस्त उदाहरण छन्।

तेस्रो आवश्यकता: ऊर्जा सञ्चय (बीईएसएस) हो। सरकारले काठमाडौंमा १०० मेगावाट क्षमताको बीईएसएस स्थापना गर्ने घोषणा गरेको छ। यो स्वागतयोग्य कदम हो। तर एउटा बीईएसएसले देशको विश्वसनीयता सुधार्ने होइन; यसले एउटा दिशा देखाउने हो। भविष्यमा प्रदेशगत तथा रणनीतिक सबस्टेसनहरूमा यस्ता प्रणाली विस्तार गर्न सकियो भने उच्च माग व्यवस्थापन, भोल्टेज नियन्त्रण र आकस्मिक अवरोध न्यूनीकरणमा उल्लेखनीय सुधार आउन सक्छ।

चौथो आवश्यकता: सार्वजनिक-निजी साझेदारी (पीपीपी) हो। वितरण प्रणालीमा आवश्यक लगानीको परिमाण यति ठूलो छ कि नेपाल विद्युत् प्राधिकरण वा नेपाल सरकारको वार्षिक बजेटले मात्र त्यसलाई धान्न सक्दैन। स्पष्ट नियामकीय व्यवस्था, पारदर्शी लगानी मोडेल र दीर्घकालीन वित्तीय योजना विना वितरण प्रणालीको व्यापक आधुनिकीकरण सम्भव देखिंदैन।

पाँचौं आवश्यकता: कार्यसम्पादनमा आधारित नियमन हो। विद्युत् नियमन आयोगले जारी गरेको कार्यसम्पादन अनुगमन पुस्तक सही दिशातर्फको कदम हो। तर मापन मात्र पर्याप्त हुँदैन। राम्रो कार्यसम्पादन गर्ने सेवाप्रदायकलाई प्रोत्साहन र कमजोर प्रदर्शन गर्ने संस्थालाई सुधारका लागि बाध्य बनाउने नियामकीय संयन्त्र पनि उत्तिकै आवश्यक छ। 'मापन भयो, प्रतिवेदन बन्यो, फाइल बन्द भयो' भन्ने प्रशासनिक संस्कृतिले गुणस्तर सुधार गर्दैन।

यहाँ अर्को महत्त्वपूर्ण पक्ष पनि छ। विद्युत् सेवाको गुणस्तर सुधार्न लागत बढ्छ। भूमिगत प्रणाली, स्मार्ट ग्रिड, स्वचालन, ऊर्जा सञ्चय, आधुनिक सुरक्षा प्रणाली र डिजिटल नियन्त्रण केन्द्र सस्तो हुँदैनन्। त्यसैले भविष्यमा विद्युत् महसुलमा वृद्धि हुनसक्ने यथार्थबाट पनि भाग्न मिल्दैन। तर उपभोक्ताले बढी महसुल तिर्ने आधार भने स्पष्ट हुनुपर्छ- बढी महसुलको बदलामा भरपर्दो सेवा।

*निष्कर्ष*

विगत केही वर्षमा नेपाल विद्युत् प्राधिकरणले धेरै सुधार गरेको तथ्य स्वीकार्नै पर्छ। लोडसेडिङ अन्त्य, विद्युतीकरण विस्तार, स्मार्ट मिटर, भूमिगत वितरण प्रणाली, डिजिटल सेवा, स्वचालित सबस्टेसन, हटलाइन सेवा, अनलाइन बिलिङ र वितरण नियन्त्रण केन्द्र जस्ता उपलब्धि साना होइनन्। त्यसैले 'केही भएन' भन्ने निष्कर्ष पनि तथ्यसम्मत हुँदैन। तर त्यति भन्दैमा 'सबै ठीक छ' भन्नु झन् ठुलो भूल हुनेछ।

हामीले अझै पनि नेपाललाई सिङ्गापुरसँग तुलना गरेर निराश हुने वा आफूलाई आफैं प्रशंसा गरेर सन्तुष्ट हुने दुवै अतिवादबाट माथि उठ्नुपर्छ। सही तुलना भनेको हिजोको नेपाल र आजको नेपाल बीच हो। त्यसपछि मात्र आजको नेपाल र भोलिको नेपाल बीचको लक्ष्य तय गर्न सकिन्छ।

अब ऊर्जा क्षेत्रको राजनीतिक र प्रशासनिक प्राथमिकता परिवर्तन गर्नैपर्छ। उद्घाटनका लागि नयाँ उत्पादन आयोजना खोज्नेभन्दा नागरिकले महसुस गर्ने गुणस्तरीय वितरण प्रणाली निर्माण गर्नु ठूलो उपलब्धि हुनेछ। किनभने उपभोक्ताले मेगावाट देख्दैनन्, बत्ती बलेको देख्छन्। उद्योगले आयोजना हेर्दैन, विश्वसनीय आपूर्ति खोज्छ। अस्पतालले बजेट भाषण पढ्दैन, २४ घण्टा विद्युत् चाहन्छ।

नेपालको विद्युत् वितरण प्रणालीको आलोचना गर्न सकिन्छ, गर्नुपर्छ पनि; तर आलोचना तथ्यमा आधारित हुनुपर्छ, निराशाको व्यापारमा होइन। हामी १८ घण्टासम्म लोडसेडिङ भोगेको पुस्ता हौं। आज केही मिनेटको विद्युत् अवरोधले असन्तुष्टि बढ्नु स्वाभाविक हो; यसले नागरिकको अपेक्षा बढेको देखाउँछ। अब राज्यले पनि त्यही अपेक्षा अनुसार आफ्नो प्राथमिकता बदल्नुपर्छ।

# आदिवासी जनजाति महासङ्घको २३ बुँदे घोषणापत्र

दैनिक समाचारदाता

काठमाडौँ २३ साउन। नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासङ्घको ऐतिहासिक दोस्रो राष्ट्रिय सम्मेलन काठमाडौँमा सम्पन्न भएको छ। महासङ्घका अध्यक्ष ओमबहादुर घर्तीमगरको नेतृत्वमा साउन २३ गते सम्पन्न सम्मेलनले २३ बुँदे 'काठमाडौँ घोषणापत्र-२०८३' सर्वसम्मतिले पारित गरेको छ।




नेपाली कांग्रेसको भ्रातृ संस्थाका रूपमा रहेको महासङ्घले पार्टीको राजनीतिक आदर्श, मूल्य र मान्यताअनुसार राष्ट्रियता, लोकतान्त्रिक गणतन्त्र र समाजवादलाई आत्मसात् गर्दै ऐतिहासिक रूपमा पछाडि पारिएका जातजाति, क्षेत्र र लिङ्गलाई राज्य सञ्चालनको मूलधारमा समाहित गर्न जोड दिएको छ। घोषणापत्रमा नेपाली कांग्रेसको पार्टी निर्माण तथा आधुनिक नेपाल राज्य निर्माणमा आदिवासी जनजाति योद्धाहरूले पुऱ्याएको योगदानको स्मरण गर्दै उनीहरूप्रति उच्च सम्मान व्यक्त गरिएको छ।

महासङ्घले संविधानमा व्यवस्था भए पनि कार्यान्वयन हुन नसकेका विषयलाई सम्बोधन गर्न माग गरेको छ। संविधानको धारा ७ को उपधारा (२) बमोजिम प्रदेशमा बहुसङ्ख्यक जनताले बोल्ने भाषालाई सरकारी कामकाजको भाषा निर्धारण गर्ने व्यवस्था अझै धेरै प्रदेशले कार्यान्वयन नगरेको भन्दै सम्मेलनले त्यसलाई शीघ्र लागू गर्न माग गरेको छ।

त्यस्तै, कम जनसङ्ख्या भएका आदिवासी जनजाति समुदायको विकास र संरक्षणका लागि स्वायत्त क्षेत्र, विशेष क्षेत्र तथा संरक्षित क्षेत्र निर्माण गरी संविधानको अक्षरशः कार्यान्वयन गर्नुपर्नेमा सम्मेलनले जोड दिएको छ। संविधान संशोधनका सन्दर्भमा महासङ्घले पहिचानका पाँच र सामर्थ्यका चार आधारलाई ध्यानमा राख्दै प्रदेशको पुनःसंरचना गर्न माग गरेको छ। राज्यका सबै अङ्ग र तहमा बहिष्करणमा पारिएका समुदायको जनसङ्ख्याका आधारमा समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न संविधान संशोधन आवश्यक रहेको सम्मेलनको ठहर छ। आदिवासी जनजातिको अधिकारलाई मौलिक हकका रूपमा सुनिश्चित गर्न तथा महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धिका सिफारिस कार्यान्वयन गर्न पनि सम्मेलनले माग गरेको छ।

पार्टीको विधानमा गर्नुपर्ने संशोधनका विषयमा पनि घोषणापत्रमा महत्त्वपूर्ण प्रस्ताव समेटिएका छन्। नेपाली कांग्रेसको नेतृत्वमा प्राप्त ऐतिहासिक उपलब्धिको प्रभावकारी कार्यान्वयन गर्दै पार्टीको वडा तहदेखि केन्द्रीय कार्यसमितिसम्म आदिवासी जनजातिको जनसङ्ख्याको बनोटका आधारमा अर्थपूर्ण प्रतिनिधित्व सुनिश्चित गर्न माग गरिएको छ। महासङ्घले पार्टीमा एक उपसभापति, एक महामन्त्री तथा आदिवासी जनजातिभित्रको एक प्रतिशतभन्दा कम जनसङ्ख्या भएका अल्पसङ्ख्यक समुदायबाट एक सहमहामन्त्री राख्ने व्यवस्था गर्नसमेत प्रस्ताव गरेको छ।आगामी दिनमा सम्बोधन गर्नुपर्ने विषयका रूपमा महासङ्घले प्रदेशको पुनःनामकरण बहुपहिचानका आधारमा गर्नुपर्ने, आदिवासी जनजाति मन्त्रालय स्थापना गर्नुपर्ने तथा आदिवासी जनजाति आयोग र थारू आयोगलाई अर्धन्यायिक अधिकारसम्पन्न बनाउनुपर्ने माग राखेको छ।

त्यस्तै, बहुभाषिक विश्वविद्यालय स्थापना, अल्पसङ्ख्यकको सूचीमा रहेका समुदायको वर्गीकरण तथा नीति निर्माण र प्राकृतिक स्रोतसाधनको प्रयोगमा आदिवासी समुदायको अग्राधिकार सुनिश्चित गर्नुपर्ने विषय पनि घोषणापत्रमा समेटिएका छन्।

विकास आयोजनाका कारण विस्थापित आदिवासी समुदायको सांस्कृतिक अधिकारमा परेको असर न्यूनीकरण गर्दै उनीहरूलाई एकीकृत बस्तीमा स्थानान्तरण गर्न महासङ्घले माग गरेको छ। साथै, विश्व आदिवासी दिवस सरकारी स्तरबाट मनाउन तथा पहिचान प्राप्त गर्न नसकेका समुदायको विशेष अध्ययन गरी आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन-२०५८ अन्तर्गतको सूची परिमार्जन गर्नुपर्नेमा जोड दिइएको छ।

सम्मेलनको उद्घाटन समारोहमा नेपाली कांग्रेसका सभापति गगनकुमार थापा प्रमुख अतिथिका रूपमा उपस्थित थिए। सम्मेलनले सम्पूर्ण पदाधिकारी, केन्द्रीय सदस्य, विधायक तथा प्रतिनिधिप्रति आभार व्यक्त गर्दै कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको जनाएको छ।

# मधेश प्रदेश : बजेट बढ्यो, खर्च क्षमता बढेन

दैनिक समाचारदाता

जनकपुरधाम, २३ साउन। मधेश प्रदेश सरकारले बर्सेनि बजेटको आकार बढाउँदै गौरवका आयोजना अघि सारे पनि बजेट कार्यान्वयनमा भने अपेक्षित सफलता हासिल गर्न सकेको छैन। प्रदेश सरकारको पछिल्लो पाँच वर्षको खर्च विवरणले अधिकांश वर्ष कुल बजेटको ६० प्रतिशतको हाराहारीमा मात्र खर्च भएको र एक वर्षमा मात्रै खर्च प्रगति ७१ प्रतिशत पुगेको देखाएको छ।

त्यसमाथि पुँजीगत खर्च कमजोर हुनुका साथै आर्थिक वर्षको अन्तिम चौमासिकमा अत्यधिक खर्च गर्ने प्रवृत्ति दोहोरिँदा बजेट कार्यान्वयनको प्रभावकारिता र वित्तीय अनुशासनमाथि प्रश्न उठेको छ।

आर्थिक वर्ष २०७८/७९ देखि २०८२/८३ सम्मको तथ्याङ्क हेर्दा प्रदेश सरकारको कुल बजेट खर्च ५५ देखि ७१ प्रतिशतको सीमामा सीमित रहेको देखिन्छ। बजेट विनियोजन बढ्दै गए पनि खर्चको अनुपातमा उल्लेखनीय सुधार नआउनुले योजना निर्माणभन्दा कार्यान्वयन पक्ष कमजोर रहेको संकेत गर्छ।

प्रदेश लेखा नियन्त्रक कार्यालय मधेश प्रदेशको तथ्याङ्कअनुसार गत आव २०८२/८३ मा प्रदेश सरकारले ४६ अर्ब १८ करोड ३५ लाख रुपैयाँ बजेट विनियोजन गरेको थियो। त्यसमध्ये असार मसान्तसम्म २६ अर्ब ३९ करोड १७ लाख रुपैयाँ मात्र खर्च हुँदा कुल खर्च ५६.७१ प्रतिशतमा सीमित रह्यो। करिब २० अर्ब २९ करोड रुपैयाँ बजेट खर्च हुन सकेन। सबैभन्दा चिन्ताजनक पक्ष पुँजीगत खर्चतर्फ देखिएको छ। विकास निर्माणका लागि छुट्याइएको बजेटमध्ये करिब १६ अर्ब १५ करोड रुपैयाँ मात्र खर्च भएको छ भने चालुतर्फको खर्च नौ अर्ब ८३ करोड रुपैयाँभन्दा बढी छ। यसले प्रशासनिक खर्चको तुलनामा विकास निर्माणमा अपेक्षित प्रगति हुन नसकेको देखाउँछ।

यस्तै, आव २०८१/८२ मा पाँच वर्ष अवधिकै तुलनात्मक रूपमा राम्रो खर्च प्रगति देखिएको थियो। सो वर्ष ४३ अर्ब ८९ करोड २१ लाख ७० हजार रुपैयाँ बजेटमध्ये ३१ अर्ब २३ करोड ३६ लाख रुपैयाँभन्दा बढी खर्च भएको थियो। कुल बजेटको ७१.१६ प्रतिशत खर्च भएको उक्त वर्ष पुँजीगत खर्च पनि पाँच वर्षकै उच्च थियो। पुँजीगत शीर्षकमा २१ अर्ब ४७ करोड ५० लाख रुपैयाँभन्दा बढी खर्च भएको तथ्याङ्कले देखाउँछ।

अन्य वर्षमा भने बजेट कार्यान्वयनको गति अपेक्षाकृत कमजोर देखिन्छ। आव २०८०/८१ मा प्रदेश सरकारले ४४ अर्ब ११ करोड ४६ लाख ३२ हजार रुपैयाँ बजेट विनियोजन गरे पनि २४ अर्ब ५४ करोड ४९ लाख ३० हजार ३२४ रुपैयाँ मात्र खर्च गर्न सकेको थियो। यसले कुल बजेटको ५५.६४ प्रतिशत मात्र खर्च भएको देखाउँछ। यो पाँच वर्ष अवधिको कमजोर खर्च प्रगतिमध्ये एक हो।

त्यसैगरी, आव २०७९/८० मा ४७ अर्ब दुई करोड ५० लाख ५२ हजार रुपैयाँ बजेटमध्ये २६ अर्ब रुपैयाँभन्दा बढी खर्च भएको थियो। उक्त वर्ष खर्च प्रगति ५७.१४ प्रतिशतमा सीमित रह्यो। आव २०७८/७९ मा करिब ३४ अर्ब ८७ करोड रुपैयाँ बजेटमध्ये २२ अर्ब ४७ करोड रुपैयाँ खर्च हुँदा खर्च प्रतिशत ६३.८० रहेको थियो।

प्रदेश सरकारको बजेट कार्यान्वयनमा सबैभन्दा ठूलो समस्या पुँजीगत खर्चतर्फ देखिएको छ। कर्मचारीको तलब, प्रशासनिक सञ्चालन तथा नियमित कार्यक्रमसँग सम्बन्धित चालु खर्च तुलनात्मक रूपमा सहज रूपमा अघि बढे पनि सडक, सिँचाइ, ऊर्जा, भवन तथा अन्य पूर्वाधार निर्माणसँग जोडिएको पुँजीगत बजेट खर्चमा अपेक्षित सुधार हुन सकेको छैन।मन्त्रालयगत रूपमा हेर्दा प्रशासनिक प्रकृतिका केही मन्त्रालयले तुलनात्मक रूपमा राम्रो खर्च प्रगति देखाए पनि भौतिक पूर्वाधार विकास, खानेपानी, ऊर्जा तथा सिँचाइ, भूमि व्यवस्था, कृषि तथा सहकारीजस्ता विकासमुखी मन्त्रालयको बजेट कार्यान्वयन अपेक्षाअनुसार हुन नसकेपछि मधेश प्रदेश सभाको अर्थ तथा योजना समितिले सम्बन्धित मन्त्रालयलाई पत्राचार गरेको छ।

समितिका सभापति अनिताकुमारी साहले प्रदेश सरकारको खर्च प्रगति सन्तोषजनक नरहेको भन्दै सम्बन्धित मन्त्रालयसँग स्पष्टीकरण मागसहित पत्राचार गरिएको बताउनुभयो। उहाँका अनुसार सात दिनभित्र जवाफ दिन भनिएको छ।

प्रदेश नीति तथा योजना आयोगका पूर्वउपाध्यक्ष तथा अर्थविद् डा. भोगेन्द्र झाका अनुसार व्यवस्था परिवर्तन भए पनि कार्यशैलीमा अपेक्षित सुधार आउन नसक्दा मधेश प्रदेशको पुँजीगत खर्च कमजोर बनेको हो। आर्थिक वर्षको अन्त्यमा अत्यधिक खर्च गर्ने प्रवृत्तिले वित्तीय अनुशासनमाथि प्रश्न उठाएको बताउँदै उहाँले खर्च गर्ने क्षमता, समयमै योजना कार्यान्वयन, नियमित अनुगमन र राजनीतिक प्रतिबद्धता सुदृढ भए बजेट कार्यान्वयनमा सुधार आउने धारणा व्यक्त गर्नुभयो।

समग्रमा पछिल्ला पाँच वर्षको खर्च विवरणले मधेश प्रदेशमा बजेट कार्यान्वयनको पुरानै समस्या अझै कायम रहेको देखाउँछ। बजेटको आकार बढाउँदै जानु मात्र विकासको आधार होइन। विनियोजित बजेट समयमै, पारदर्शी र परिणाममुखी ढङ्गले खर्च गर्न सक्ने क्षमता विकास नगरेसम्म प्रदेशका गौरवका आयोजना र विकासका प्रतिबद्धता कागजमै सीमित हुने जोखिम रहन्छ।

विहानको सुरुवात ताजा समाचारसँगै। विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका। साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com

राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# गणेश युवा कमिटीको २०औँ साधारण सभा सम्पन्न




दैनिक समाचारदाता
जनकपुरधाम, २३ साउन । सामाजिक तथा धार्मिक क्षेत्रमा योगदान पुऱ्याउँदै आएको जनकपुरधामको गणेश युवा कमिटीको २०औँ वार्षिक साधारण सभा सम्पन्न भएको छ। कमिटीका अध्यक्ष सन्तोषकुमार महतोको अध्यक्षतामा आयोजित सभामा कमिटीका पूर्वअध्यक्ष एवं जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्रकुमार भण्डारीले कमिटीले सामाजिक तथा धार्मिक क्षेत्रमा पुऱ्याउँदै आएको योगदानको प्रशंसा गर्दै आगामी दिनमा पनि त्यसलाई निरन्तरता दिन सुझाव दिए।

नेपाल पत्रकार महासंघ धनुषा शाखाका अध्यक्ष पुरण साहले पछिल्लो समय युवाको सामाजिक परिवर्तनप्रतिको समर्पणमा कमी आउन थालेको भन्दै चिन्ता व्यक्त गरे। उनले युवाको सक्रियता र सामाजिक तथा धार्मिक क्षेत्रमा उनीहरूले पुऱ्याउने योगदानले सामाजिक विकाससँगै संस्थाको पहिचानसमेत स्थापित हुने बताए।

मिडिया काउन्सिलका पूर्वअध्यक्ष कैलास दासले साधारण सभा विगतका कामको समीक्षा गर्दै आगामी कार्यदिशा तय गर्ने महत्वपूर्ण अवसर भएको बताए। उनले विगतका कमीकमजोरीलाई सच्याउँदै नयाँ योजनाका साथ अघि बढ्न आग्रह गरे।

जनकपुरधाम धार्मिक तथा सांस्कृतिक नगरीका साथै मधेश प्रदेशको राजधानीसमेत रहेकाले सामाजिक, आर्थिक तथा सांस्कृतिक विकासमा युवाको भूमिका महत्वपूर्ण हुने उनको भनाइ थियो। उनले कमिटीले सामाजिक तथा धार्मिक क्षेत्रमा पुऱ्याउँदै आएको योगदानलाई आगामी दिनमा पनि निरन्तरता दिन आग्रह गरे।

सभामा कमिटीका अध्यक्ष महतोले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए। प्रतिवेदनमाथि सहभागीहरूले व्यापक छलफल गरेका थिए।

वार्षिक साधारण सभाले निर्वाचन समिति गठन गरी दुई साताभित्र नयाँ कार्यसमितिको निर्वाचन गर्ने निर्णयसमेत गरेको छ।

## पाँच जिल्लामा...

२०८२/०८३ मा विभिन्न शीर्षक गरी ५५ लाख ८३ हजार ७१४ रुपैया राजस्व उठाएको छ । कार्यालयले घरदैलोमा गएर सेवा दिदा यन्त्रको अनुमतिपत्र लिनेको संख्यामा वृद्धि भएको छ । सो कार्यालयले सम्बन्धित पाँच जिल्लामा घुम्ती सेवा प्रदान, जनचेतना कार्यक्रमको आयोजना गरी प्रभावकारी अनुगमन समेत गरेको छ । कार्यालयसँग सवारी साधन नभएकोले प्रभावकारी रुपमा काम गर्न सकिएको छैन । प्रत्येक जिल्लाको स्थानीय तहमा घुम्ती सेवा प्रभावकारी रुपमा सञ्चालन गर्न सवारी साधन र बजेटको अभाव देखिएको छ ।

# ग्यास अभावपछि उद्योगमन्त्री अनुगमनमा

दैनिक समाचारदाता
काठमाडौं, २३ साउन । बजारमा खाना पकाउने ग्यासको अभाव देखिएपछि उद्योगमन्त्री गौरीकुमारी यादव अनुगमनमा निस्केकी छन्।



उपभोक्ताले खाना पकाउने ग्यास सहज रूपमा पाउन नसकेको भन्दै व्यापक गुनासो गरेपछि मन्त्री यादवले बालाजुस्थित नेपाल ग्यास उद्योगको अनुगमन गरेकी हुन्।

पछिल्लो समय बजारमा ग्यासको अभाव देखिएसँगै सरकारको आपूर्ति व्यवस्थापनप्रति समेत आलोचना बढ्दै गएको छ। अनुगमनका क्रममा मन्त्री यादवले ग्यासको उत्पादन, भण्डारण तथा बजारमा भइरहेको आपूर्तिको अवस्थाबारे जानकारी लिएकी छन्।

उनले उपभोक्तालाई ग्यासको सहज उपलब्धता सुनिश्चित गर्न उद्योगको उत्पादन क्षमता र आपूर्ति व्यवस्थापनबारे समेत चासो राखेकी छन्। मन्त्री यादवले बालाजुपछि टेकुस्थित नेपाल आयल निगमको पुरानो कार्यालयको समेत अनुगमन गरिरहेकी छन्।ग्यासको आपूर्ति तथा वितरणमा देखिएको समस्या पहिचान गरी तत्काल समाधानका लागि आवश्यक पहल गर्ने उद्देश्यले अनुगमन गरिएको मन्त्रीको सचिवालयले जनाएको छ।

# राजु पासवानलाई मानव अधिकार पुरस्कार



दैनिक समाचारदाता
जनकपुरधाम, २३ साउन । मानव अधिकार तथा सामाजिक न्यायका क्षेत्रमा लामो समयदेखि सक्रिय रहँदै महत्वपूर्ण योगदान पुऱ्याउँदै आएका राजु पासवानलाई 'बैद्य(प्रकाश मानव अधिकार पुरस्कार(२०८३' प्रदान गरिने भएको छ। ३४औँ प्रकाश स्मृति दिवसका अवसरमा साउन २५ गते आयोजित समारोहमा पासवानलाई ११ हजार ५ सय रुपैयाँ नगद, सम्मानपत्र र दोसल्लासहित सम्मान गरिने पुरस्कार कोषका सचिव मनोहर कुमार पोखरेलले जानकारी दिए। समारोहमा मधेश प्रदेशसभाका सभामुख रामआशिष यादव प्रमुख अतिथि तथा उच्च अदालत जनकपुर(राजविराज इजलासका मुख्य न्यायाधीश सुभाष पौडेल विशिष्ट अतिथिका रूपमा सहभागी हुने पोखरेलले बताए। पासवान विगत साढे दुई दशकदेखि मानव अधिकार, सामाजिक न्याय तथा समुदाय सशक्तीकरणका क्षेत्रमा सक्रिय छन्। विभेद र हिंसाबाट प्रभावित समुदायको अधिकार संरक्षण, पीडितको उद्धार तथा पुन:स्थापना, कानुनी पैरवी र सामाजिक न्यायको प्रवर्द्धनमा उनले पुऱ्याएको योगदानको कदरस्वरूप पुरस्कार प्रदान गर्न लागिएको जनाइएको छ।

यस पुरस्कारमार्फत मानव अधिकार र सामाजिक न्यायका क्षेत्रमा निरन्तर क्रियाशील व्यक्तिको योगदानलाई सम्मान गर्नुका साथै समाजमा न्याय, समानता र मानव अधिकारको पक्षमा काम गर्नेहरूलाई प्रोत्साहित गर्ने उद्देश्य रहेको जनाइएको छ।

# लालबन्दी नगर अस्पतालमा मुटुरोग विशेषज्ञ सेवा

दैनिक समाचारदाता
सर्लाही, २३ साउन । नगर अस्पताल लालबन्दीमा शनिबारदेखि मुटुरोगसम्बन्धी विशेषज्ञ सेवा सुरु गरिएको छ। लालबन्दी नगरपालिका, नगर अस्पताल र नेपाल हृदयरोग प्रतिष्ठान सर्लाही शाखाको समन्वयमा मुटुरोगसम्बन्धी विशेषज्ञ सेवा सञ्चालनमा ल्याइएको हो।

नगर अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. चन्दन चौधरीका अनुसार अब प्रत्येक महिनाको चौथो शनिबार मुटुरोग विशेषज्ञ (कार्डियोलोजिस्ट) डा. सुवास सुवेदीले मुटुरोगका बिरामीलाई सेवा प्रदान गर्नुहुनेछ।

भरतपुर सरकारी अस्पतालमा कार्यरत डा. सुवेदी लालबन्दी नगरपालिका-७, डाँडाटोलका स्थानीय बासिन्दासमेत हुनुहुन्छ। यस




क्षेत्रका मुटुरोगी उपचारका लागि टाढा जानुपर्ने बाध्यतालाई ध्यानमा राख्दै डा. सुवेदीसँग सम्झौता गरी महिनामा एक दिन भए पनि नियमित रूपमा सेवा उपलब्ध गराउने व्यवस्था मिलाइएको लालबन्दी नगरपालिकाका प्रमुख वासुदेव अधिकारीले बताउनुभयो।

नगर अस्पतालका अनुसार उच्च रक्तचाप, हृदयाघात तथा मुटुको धड्कनमा गडबडी भएका बिरामीले डा. सुवेदीसँग स्वास्थ्य परीक्षण तथा परामर्श लिन सक्नेछन्। विशेषज्ञ सेवा लिन बिरामीले ओपिडी शुल्कबापत एक सय रुपैयाँ तिर्नुपर्नेछ भने आवश्यक परीक्षणका लागि नगर अस्पतालले निर्धारण गरेको शुल्क लाग्ने मेसु डा. चौधरीले बताउनुभयो।

डा. सुवेदी महिनामा एक दिन नियमित रूपमा सेवा दिन आउनुहुने भएपछि यस क्षेत्रका मुटुरोगीलाई परामर्श तथा उपचारका लागि बारम्बार अन्यत्र धाउनुपर्ने बाध्यता कम हुने अपेक्षा गरिएको छ। नेपाल हृदयरोग प्रतिष्ठानका केन्द्रीय सदस्य बाबुकाजी नुच्छे प्रधानले लामो समयदेखिको प्रयासपछि मुटुरोग विशेषज्ञलाई महिनामा एक दिन भए पनि नगर अस्पतालमा सेवा दिने व्यवस्था मिलाउन सफल भएको बताउनुभयो। शनिबार बिहान लालबन्दी नगरपालिकाका नगरप्रमुख वासुदेव अधिकारीको मुटु परीक्षण गरी विशेषज्ञ सेवाको औपचारिक सुरुवात गरिएको थियो। पहिलो दिन नै ५० जनाभन्दा बढी बिरामी डा. सुवेदीबाट सेवा लिन आएको नगर अस्पतालले जनाएको छ।

बिरामीको चाप अत्यधिक देखिएपछि आगामी महिनादेखि अग्रिम नाम दर्ता गराउने र निश्चित सङ्ख्या तोकेर सेवा प्रदान गर्ने तयारी भइरहेको मेसु डा. चौधरीले बताउनुभयो।

# 'जेनजी आन्दोलनले स्वाधीनता खतरामा पाऱ्यो'

दैनिक समाचारदाता
काठमाडौँ २३ साउन । जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले जेनजी आन्दोलनका कारण देशको स्वाधीनता खतरामा परेको बताएका छन्। शनिबार आठ दलको अग्रगामी मोर्चा घोषणा कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन्।




अध्यक्ष यादवले देशको स्वाधीनता खतरामा परेका कारण अग्रगामी मोर्चा गठन गरिएको दाबी गरे। देशमा पटक-पटक राजनीतिक परिवर्तन भए पनि उत्पीडित समुदायले न्याय पाउन नसकेको बताउँदै उनले उनीहरूलाई न्याय दिलाउन मोर्चा अघि बढेको बताए। देशमा सर्वसत्तावाद आएको र त्यसले अधिनायकवाद जन्माउने खतरा रहेको उल्लेख गर्दै यादवले जनताले प्राप्त गरेका उपलब्धिमाथि प्रहार भइरहेको बताए। प्राप्त उपलब्धिको रक्षा गर्न मोर्चा अघि बढेको बताउँदै उनले संविधानलाई थप समावेशी बनाउन संघर्ष गर्ने बताए।

यादवले वर्तमान संविधान संशोधन गर्न आवश्यक रहेकोसमेत बताए। उनले भने, 'देशमा न सुशासन छ, न भ्रष्टाचार अन्त्य भएको छ, आर्थिक रूपमा देश जर्जर भयो।' देशमा अग्रगामी परिवर्तनका लागि जनता जागिसकेको बताउँदै उनले जनताको बलमा मोर्चा गठन भएको दाबी गरे। यो अभियानलाई सरकारले सम्मान गर्नुपर्ने बताउँदै यादवले सबैका लागि अग्रगामी परिवर्तन नभए मोर्चाले संघर्ष गर्ने चेतावनी दिए। आगामी दिनमा अन्य परिवर्तनकामी संगठनहरू पनि मोर्चामा सहभागी हुने बताउँदै उनले विभेदमा परेका सबैलाई साझा मोर्चामा जोडिने बताए। मोर्चाबाट कोही आतङ्कित हुनुपर्ने अवस्था नरहेको उल्लेख गर्दै यादवले जनताको अधिकार सुनिश्चित गर्न मोर्चा गठन गरिएको बताए।

उनले सबै राजबन्दीलाई रिहा गर्नसमेत सरकारसँग माग गरे।

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

**Janakpurdham-4,Dhanusha Nepal**
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४